महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
आठविसकोट नगरपालिका
रुकुम पश्चिम

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्या:२०७६/७७
च.नं – २८

मिति: २०७७/३/२९

श्री प्रमुखज्यू,
आठबिसकोट नगरपालिका,
रुकुम पश्चिम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

महालेखापरीक्षकको भनाई

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण सूहानिर्देशनालय

(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः २०७६।७७
च.नं. -२८

मितिः २०७७।३।२९

श्री प्रमुखज्यू,
आठविसकोट नगरपालिका,
रुकुम पश्चिम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले आठविसकोट नगरपालिका, रुकुम पश्चिमको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्वन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्वन्धित अन्य विवरणले स्थानीय तहसँग सम्वन्धित प्रचलित कानून वमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ५२ लाख ७६ हजार वेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ४७ हजार , अनियमित रु.४० लाख ८१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ५४ लाख ९७ हजार र फछ्र्यौट गर्नुपर्ने पेश्की रु.५४ लाख ५१ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।०५।२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना उन्नाइस (१९) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानून वमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन वमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा वन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानून वमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सवै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np
Web Page: www.oagnep.gov.np

आठबिसकोट नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गर्दै गुणस्तरिय सेवा प्रदान गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्वेश्य रहेको छ ।

स्थानीय संचितकोष : स्थानीय सञ्चित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समाबेस भएको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	**१६,६९२,२८८.००**	१	**चालु खर्च**	**३०७,३३५,८७०.४०**
	क) नगद	-	२	**पूँजीगत खर्च**	**२७१,२६०,१७३.००**
	ख) बैंक	३,७२३,०११.००	३	**वित्तीय व्यवस्था भुक्तानी**	-
	ग) धरौटी	१२,९६९,२७७.००		क) ऋण भुक्तानी	
२	**राजस्व (आन्तरिक आय)**	**११९,१५४,९५६.९३**		ख) ब्याज भुक्तानी	-
	क) आन्तरिक राजस्व	२१,५८९,६३०.९३		ग) अन्य भुक्तानी	-
	ख) राजस्व बाँडफाँड	८२,४०३,७८५.००	४	**लगानी**	-
	ग) अन्य आय	१५,१६१,५४१.००		ऋण लगानी	-
३	**वित्तीय हस्तान्तरण**	**३१६,८४८,०९५.००**		शेयर लगानी	-
	क) वित्तीय समानीकरण अनुदान संघ	१०९,२००,०००.००		अन्य लगानी	-
	ख) वित्तीय समानीकरण अनुदान प्रदेश	५,३००,०००.००	५	**धरौटी फिर्ता**	**२५,८२३,०५१.००**
	घ) समपूरक अनुदान संघ	२०,३६८,०००.००	७	**कोष खर्च**	**-**
	ङ) विशेष अनुदान संघ	३०,०००,०००.००	८	**मौज्दात**	**(२,८५९,८२९.४९)**
	च) सशर्त अनुदान	१३७,८४१,०००.००		क) नगद मौज्दात	
	छ) कृषि ज्ञान केन्द्र प्राङ्गारिक मोडेल कार्यक्रम	१०,०००,०००.००		ख) बैंक मौज्दात	(१३,९०७,१२८.०७)
	ज) भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र वधशाला निर्माण	४,१३९,०९५.००		घ) धरौटी वाँकी	११,०४७,२९८.५८
४	**अन्तर स्थानीय तहबाट प्राप्त**	**-**			
५	**वित्तीय व्यवस्था प्राप्ति**	**-**			
६	**विषयगत निकायबाट प्राप्त रकम**	**१२४,९६२,८५२.४०**			
	क) प्रधानमन्त्री रोजगार कार्यक्रम	४,४००,००६.००			
	ख) पर्यटन पूर्वाधार विकास कार्यक्रम	२,४२९,५७५.००			
	ग) डिजिटल विद्यालय कार्यक्रम	१,२५०,०००.००			
	घ) प्राङ्गारिक मिसन कार्यक्रम	४९,६८२,३८२.००			
	ङ) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम	१४,९९१,९४७.००			
	च) बहुक्षेत्रीय पोषण कार्यक्रम	१,८६७,५६८.००			

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
	छ) संक्षिप्त विदा खर्च	४६८,७२३.२०			
	ज) औषधि उपचार खर्च	५७५,२५१.२०			
	झ) सडक वोर्ड नेपाल	९००,०००.००			
	ञ) एलजिसिडिपि	३०५,०००.००			
	ट) सामाजिक सुरक्षा कार्यक्रम	३८,०९२,४००.००			
	ठ) समपूरक अनुदान प्रदेश	१०,०००,०००.००			
७	**धरौटी आय**	**२३,९०१,०७२.५८**			
८	**लगानीको साँवा फिर्ता**	**-**			
	जम्मा	**६०१,५५९,२६४.९१**		**जम्मा**	**६०१,५५९,२६४.९१**

दफा.नं.	विवरण	रकम

लेखापरीक्षणको समयमा देहाय अनुसारको रु. **२,८५,८८,६५०.००** दाखिला भएको छ ।

क्र.सं.	विवरण	दाखिला (रु)	कैफियत
१.	सामाजिक सुरक्षा	४९२०००.००	बेरुजु खाता
२.	कर्मचारी सञ्चय कोष तथा अन्य कट्टी	२०५०८९१६.४०	कोष खाता
३.	सावधिक जीवन विमा	११०७३३.६०	सावधिक विमा
४.	धरौटी खातामा सापटी फिर्ता	७४७७०००.००	धरौटी खाता
	जम्मा	**२,८५,८८,६५०.००**	

१ **आन्तरीक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापुर्ण ढंगवाट सम्पादन गर्न तथा वित्तिय प्रतिवेदन प्रणाली विश्वसनिय वनाउन आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अवलम्वन गरेको आन्तरिक नियन्त्रण प्रणालिमा देहायका अवस्था देखिएको छ । कार्यालयको समग्र व्यवस्थापन सुदृढ गर्न आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८(५) अनुसार योजना सञ्चालन तथा कार्यान्वयन गर्दा सार्वजनिक परीक्षण, समाजिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा अधिकांस योजनामा गरेको देखिएन ।
- कार्यालयले तोकिएको लक्ष्य अनुसार प्रगति विवरण तयार गरेको छैन ।
- लागत अनुमान तयार गरी गरेको निर्माण कार्यको नापी पछि उपभोक्ता समितिको विल तयार गर्दा उपभोक्ता समितिको योगदान समेत समावेश गर्ने गरेको छ । निर्माण कार्यस्थलमा उपभोक्ता प्रत्यक्ष रुपमा काममा सहभागी नहुने साथै उपभोक्ताको योगदान वरावरको रकम लगानी समेत नगरेको अवस्थामा निर्माण कार्यको परिमाण वढाई उपभोक्ता समितिको योगदान देखाउँदा निर्माण स्थलको वास्तविक कार्यको नापी हुने देखिएन । समाग्रीको परीमाण र निर्माण कार्य वढी देखाई उपभोक्ताको योगदानमा समावेश गर्दा उपभोक्ता समितिको विलले वास्तविक अवस्था चित्रण गरेको छैन ।
- शिक्षा तर्फ विद्यालयलाई तेश्रो चौमाशीक निकासा भुक्तानी गर्दा वित्तिय लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र निकासा दिनुपर्नेमा प्रतिवेदन वेगर निकासा भुक्तानी गरेको छ ।
- सार्वजकि खरिद नियमावली, २०६४ को नियम १० (३) अनुसार लागत अनुमान तयार गर्दा प्राविधिक दृष्टिकोणले कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाइएन ।
- मर्मत आदेश तथा म.ले.प.फारम नं. २ मर्मत अभिलेख राखेको देखिएन ।
- कार्यक्रम खाता, लक्ष्य प्रगति, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तथा वार्षिक कार्य सम्पादन प्रतिवेदन राखेको पाईएन ।

	• मुद्दा दर्ता तथा फछ्र्यौट अभिलेख राखेको पाईएन । • आयोजना संचालन गर्न संलग्न भएका उपभोक्ता समिति सरह मानि गैर सरकारी संस्था मार्फत कार्य गराएको उपयुक्त देखिन आएन । • शिक्षा तर्फ विद्यालयलाई तेश्रो चौमाशीक निकासा भुक्तानी गर्दा वित्तिय लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र निकासा दिनुपर्नेमा प्रतिवेदन वेगर निकासा भुक्तानी गरेको छ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँ भन्दा बढीको खरिद कार्यमा वार्षिक खरिद योजना बनाई खरिद योजना कार्यान्यन गर्नु पर्नेमा सोको पालना नभएकोले खरिद प्रतिश्पर्धि भएको देखिएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई मासिक रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन । • नगरपालिकाले उपभोक्ता समितिलाई बिल बमोजिमको रकम भुक्तानी गर्दा १० प्रतिशत फरफारक कट्टी गरी धरौटी खातामा जम्मा गर्ने र निर्माण सम्पन्न गरि फिर्ता गर्ने गरेको देखिन्छ । फरफारक कट्टी गर्ने व्यवस्था सार्वजनिक खरिद तथा आयकर ऐन आदिमा रहेको देखिएन । नियमानुसार हुने गरी सुधार गर्न कार्यालयले पहल गर्नुपर्ने देखिन्छ । • नगरपालिकाले श्रम सहकारीसँग उपभोक्ता समितिको हैसियतमा सम्झौता गरी गराएको कार्यमा श्रम सहकारीको योगदान वापत लागत अनुमानको १० प्रतिशतले हुने रकम अग्रिम रुपमा प्राप्त गरी राजश्व आम्दानी गर्ने गरेको देखिन्छ । राजश्वको अपरिस्कृत विवरण अनुसार नगरपालिकाबाट संकलित रु.६० लाखमा यसको धेरै प्रतिशत योगदान रहेको देखिन्छ । कार्यको बिलमा उपभोक्ताको योगदान नदेखाउने तथा योगदान बराबरको रकम अग्रिम रुपमा आम्दानी बाँध्ने कार्य उपभोक्ता समितिबाट काम गराउने विधि अनुरुप देखिन आएन । यसमा सुधार गर्ने तर्फ कार्यालयको ध्यान पुग्नु पर्ने देखिन्छ । कार्यालयले सम्पादन गर्नुपर्ने प्रत्येक कार्य क्षेत्रहरुका जोखिम पहिचान गरी त्यसलाई न्यूनिकरण गर्न आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।	
२	**मध्यकालिन खर्च संरचना** : अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउने यो विधि कार्यान्वयनमा ल्याएको छैन । स्रोत छर्ने प्रवृत्ति नियन्त्रण गर्न, स्रोतसाधन प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाको लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचना कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।	

३	**वजेट पेश र पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण मिति २०७५।०३।२२ गते स्वीकृत गरेको छ ।	
४	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०३।२३ गते सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र २०७५।०३।३० प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको छ ।	
५	**कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारी अवकास हुदांको बखत प्राप्त हुने उपदान, औषधि उपचार, बिमा लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कर्मचारी कल्याण कोष खातामा रकम जम्मा गरेको देखिएन । अवकाश कोषको उचित व्यवस्थापन गर्नुपर्दछ ।	
६	**भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिकामा यस वर्ष भवन निर्माण अनुमति नदिएको पेश गरेको विवरणबाट देखिन्छ । नगरपालिकाले क्षेत्रभित्र रहेका घरको नक्साङ्कन गर्ने, नया निर्माणाधीन भवनको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।	
७	**आन्तरिक ऋण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ मा नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।	
८	**सभाको निर्णय कार्यान्वयन** : नगर परीषद्बाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को अनुगमन मुल्याँकन अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । कार्यालयले Follow up Register राखी निर्णय कार्यान्वयनको अबस्था मुल्याँकन गरिरहनु पर्दछ ।	
९	**विकास योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था	

	छ । नगरपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।	
१०	**परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको व्यवस्था अनुसार भएको देखिएन । समितिले सो अनुरुप कार्य गर्नुपर्दछ ।	
११	**चौमासिक प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन ।	
१२	**योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउंदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७४।७५ को अध्ययन गर्दा नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिर्काश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले र्सचालन गरेको पाइएन । यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।	
१३	**सामाजिक/सार्बजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । नगरपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाईको व्यबस्था गरि बित्तीय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ ।	
१४	**डोर हाजिरी :** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता (म.ले.प.फा.नं. १७५) राख्ने गरेको छैन । प्राप्त डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । आयोजनामा के कति डोर हाजिरी फारामहरु को–कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा निकाशा गरी तोकिए अनुसार काम भए नभएको अनुगमन गर्ने व्यवस्था लागू गर्नुपर्ने देखिन्छ ।	
१५	**अन्य संस्था :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था छ । सार्बजनिक खरिद ऐन ,२०६४ को दफा ८(१)क मा मालसामान, निर्माण कार्य वा अन्य	

सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराएर गर्न सकिने उल्लेख छ । खरिद गर्दा पालन गर्नु पर्ने प्रकृया सम्बन्धमा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा बिभिन्न व्यबस्था उल्लेख छ । नगरपालिकाले सोही ऐनले तोकेकै खरिद बिधि अर्न्तगत नगरपालिकामा दर्ता भई आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता भएका श्रम सहकारी संस्थालाई उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिई प्रतिस्पर्धा बेगर काम गराएको छ । सार्बजनिक खरिद ऐनको दफा ८(१)क मा ती संस्थालाई उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिई बिना प्रतिस्पर्धा काम गर्न पाउने गरी थप सुविधा दिएको देखिदैन । कानुनले उपभोक्ता समितिको रुपमा पहिचान नगरेको संस्थाबाट उपभोक्ता समितिको प्रक्रिया अनुसार काम गराएको उपयुक्त देखिन आएको छैन ।

१६ **पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधामा सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश र कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार आठविसकोट नगरपालिकाले देहाय बमोजिम रु.२,१०,०९,७६१.०० सुविधा वापत भुक्तानी गरेको छ ।

सि. नं.	विवरण	प्रमुख/अध्यक्ष : १ जना	उपप्रमुख : १ जना	वडा अध्यक्ष १४ जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ४९ जना	अन्य कर्मचारी सहयोगी	जम्मा
१	मासिक सुविधा	८४४३३३.००	७४५०००.००	६९५३३३८.००	२१८५३३६.००	७३०१०००.००	०.००	१८०२९००७.००
२	सञ्चार सुबिधा (मासिक दरमा)	२४०००.००	१८०००.००	१६८०००.००	०.००	०.००	०.००	२१००००.००
३	बैठक भत्ता (बैठक संख्याको आधारमा/पटक)	४८०००.००	४८०००.००	६७२०००.००	३८४०००.००	४०००.००	१९१६४०.००	१६३७६४०.००
	वडा समिति बैठक भत्ता	०.००	०.००	१६८०००.००	६००००.००	५८८०००.००	१६८०००.००	९८४०००.००
४	खाजा भत्ता (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
५	पुस्तक पत्रपत्रिका (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
६	अनुगमन भत्ता (मासिक)	०.००	१०७०८०.००	२४०००.००	०.००	०.००	१८०३४.००	१४९११४.००
७	खानेपानी, बिजुली महसुल (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
८	सरसफाई, मर्मत (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
९	अतिथि सत्कार (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
१०	यातायात खर्च (मासिक)	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
	जम्मा	**९१६३३३.००**	**९१८०८०.००**	**७९८५३३८.००**	**२६२९३३६.००**	**७८९३०००.००**	**३७७६७४.००**	**२१००९७६१.००**

१७ **चौमासिक खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष देहायमा उल्लेख भए अनुसार तेश्रो चौमाशिकमा कुल खर्चको ७० प्रतिशत भन्दा वढी हुनेगरी रु. १९,२०,८७ हजार खर्च गरेको देखिन आएको छ । आषाढ महिनाको खर्च मात्र कुल खर्चको २५ प्रतिशत छ । आर्थिक वर्षको अन्तमा बढी खर्च गर्दा खरिद ऐन र नियमावलीका व्यबस्थाहरु पालनामा नहुने, चौमासिकमा

सन्तुलित खर्च व्यबस्थापन नहुने, बस्तु तथा सेवा प्राप्तिमा ढीलाई हुने, निर्माण कार्य गुणस्तरिय नहुने अवस्था सिर्जना हुने भएकोले योजनाको सम्झौता तथा कार्यान्वयन समयमै गरी खर्च व्यवस्थापन तथा कार्यवोझमा सन्तुलन ल्याउनु पर्दछ ।

विवरण	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना	कुल खर्च
विभन्न शिर्षक	४०१२३	३९०५०	१९२०८७	६५८७८	२७१२६०
खर्च प्रतिशत	**१६**	**१४**	**७०**		

१८ **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । स्थानीय तहले हस्तान्तरण हुने सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र तयार गरी प्रतिबेदन गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको देखिएन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारी अभिलेख अद्यावधिक गरेको पाईएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने तथा हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

१९ **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ मा कर्मचारी पदपुर्ती र व्यवस्थापन सम्वन्धि व्यवस्था छ । नगरपालिकाको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ५७ रहेपनि १८ मात्र पदपूर्ति भई ४६ पद रिक्त रहेको विवरणबाट देखिन आएको छ । नगरपालिकाले १८ जना करारमा राखेको छ । समयमा पदपूर्ति नहुंदा थोरै वजेटका स–साना कार्यक्रम ठुलो संख्यामा सञ्चालन गर्न जनशक्तिको अभाव हुने देखिएको छ । अधिकांश कार्यक्रम निर्माणकार्य संग सम्बन्धित देखिएकोमा फिल्डमा खटिने प्राविधिक कर्मचारीमा कामको बोझ अत्याधिक हुने देखिएको छ । स्थायी कर्मचारी माग गरी पदपूर्ति गर्नुपर्नेमा धेरै संख्यामा अस्थायी र करारमा शिक्षक कर्मचारी भर्ना गरी कार्य गराउदा जवाफदेहिता र गुणस्तरमा समेत प्रभाव पर्ने देखिन आएको छ । यस्तो अवस्थामा सुधार हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२० **तलबी प्रतिबेदन :** निजामती सेवा तथा स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले तलबी प्रतिवेदन पारीत नगरी रु १,३०,९५,४५३.०० तलव खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको नियमित देखिएन । समयमा तलवी प्रतिवेदन पारित गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिएको छ ।

२१ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो गरेको पाइएन । अत : ऐन अनुसार सामाजिक परीक्षण तथा सार्वजनिक सुनाई गर्नुपर्दछ ।

२२ **योजना व्यवस्थापन :** वार्षिक नगर विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउङपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । नगरपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, नगरपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा पूजीगत बजेट शिर्षकमा समावेस भएको रु. १५ करोड ३० लाख २४ हजारका १८४ निर्माण योजना र विषयगत कार्यक्रम स्वीकृत गरी अधिकांश योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना ३६ वटा, १ देखि ५ लाख सम्मका योजना ७९ वटा, ५ देखि १० लाख सम्मका योजना ३२ वटा, १० देखि १५ लाख सम्मका योजना ११ वटा, १५ देखि २० लाख सम्मका योजना ६ वटा र २० लाख भन्दा माथिका योजना २० वटा सञ्चालन गरेको देखिएको छ । निर्माण कार्य सम्झौता संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नु पर्ने साथै स साना योजना सञ्चालन गर्दा खर्च बृद्धि हुने र तात्विक लाभ नहुने देखिन्छ । त्यसैले स-साना छरिएका योजना भन्दा ठुला बजेटका महत्वपूर्ण योजना छनौट, स्वीकृती र सञ्चालन गर्न नगरपालिकाको ध्यान जानुपर्ने देखिएको छ । त्यस्तै निर्माण सम्झौताको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक निर्माण कार्यमा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापनको कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा नगरपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

विवरण	योजना संख्या
१ लाख सम्मका योजना	३६
१ देखि ५ लाख सम्मका योजना	७९
५ देखि १० लाख सम्मका योजना	३२
१० देखि १५ लाख सम्मका योजना	११
१५ देखि २० लाख सम्मका योजना	६
२० लाख भन्दा बढिका योजना	२०
कुल जम्मा	**१८४**

२३ **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।

२४ **नापी किताव** : निर्माण कार्यको लेखाङ्कन गर्न महालेखापरीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यालयले नापी किताब (म.ले.प.फा.नं.१७१) को व्यवस्था गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था रहेकोमा कार्यालयले तयार गरेको नापी कितावमा अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी राख्ने गरेको नदेखिएकोले खर्च भएको वास्तविक परिमाण र रकम तथा बांकी परिमाण र रकमको अवस्था एकिन गर्न सकिने आधार देखिएन ।

२५ **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । आ.व. २०७५।७६ मा वितरण गरिएको सामाजिक सुरक्षा भक्ताको विवरण देहाय बमोजिम रहेको छ । नगद वितरण हुने सामाजिक सुरक्षा भत्ता वितरण प्रगाली भरपर्दो देखन आएन । नगरपालिकाले लाभग्राहीरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बुझेको भर्पाइको वास्तविकता सम्बन्धमा यकिन हुने वितरण प्रणालीको विकास गर्नुपर्दछ ।

वडा नं	सामाजिक सुरक्षा रकम		
	प्रथम चौमाशिक	दोश्रो चौमाशिक	तेश्रो चौमाशिक
१	३९४०००.००	३८६८००.००	३८१२००.००
२	५६८८००.००	५७४८००.००	५५००००.००
३	८३६८००.००	८४२४००.००	८३०४००.००
४	९७६६००.००	१०६१६००.००	१०१७६००.००
५	९७६४००.००	१०१६४००.००	१०३२४००.००
६	५३६८००.००	५८३८००.००	५७३२००.००
७	५६८४००.००	५६४०००.००	५७५२००.००
८	८६००००.००	८७३२००.००	८६५६००.००
९	१०४००००.००	१११११६००.००	११०२८००.००
१०	९१६०००.००	९२७२००.००	९५६८००.००
११	१६६७६००.००	१७५२०००.००	१७६२४००.००
१२	११०४०००.००	१११०४००.००	११२००००.००
१३	७८००००.००	७४९६००.००	७६३२००.००
१४	१०४३२००.००	११२२४००.००	११२४८००.००
जम्मा	**१२२६८६००.००**	**१२६७६२००.००**	**१२६५५६००.००**

२६ **ऋणात्मक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाले दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाएको छैन । नगरपालिकाले पेश

गरेको विवरण अनुसार रु.६४,५८,११,५००.०० को बजेट पारित गरेको छ । नगरपालिकाले गत वर्षको बैंक मौज्दात, धरौटी खाताबाट लिएको सापटी सहित रु.४४,०६,२६,०६३.०० आय देखाई रु.४५,४५,३३,१९१.०० खर्च गरेको देखिन्छ । आम्दानीको तुलनामा रु.१,३९,०७,१२८.०० खर्च ऋणात्मक देखिन्छ । आम्दानी भन्दा बढि हुनेगरी खर्च गरेको कारण भुक्तानी दायित्व बाँकी रहेको, सापटी फिर्ता हुन नसकेको साथै पेश्की फछ्र्यौट हुन नसकेका जस्ता अवस्था देखिन्छ । ऋणात्मक हिसाब मिलान गरी सोको प्रमाण पेश गर्नुपर्दछ ।

१,३९,०७,१२८.००

२७ **उपभोक्ता समुह वीच प्रतिष्पर्धा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्बन्धि व्यवस्था छ । नियममा उपभोक्ता समिति छनौट गर्दा प्रतिष्पर्धा गराउने र न्यून कबोल गर्नेसँग सम्झौता गर्ने व्यवस्था रहेको देखिदैन । नगरपालिकाले उपभोक्ता समितिलाई निर्माण व्यवसायी सरह दरभाउपत्रको विधिमा सहभागी गराई लागत अनुमान रु.५०,८५,७००.०० भन्दा १७ प्रतिशतले घटी हुने गरी रु.४२,२७,८६६.०० कबोल गर्ने गिजा गाड तटबन्धन निर्माण उपभोक्ता समितिसँग तटबन्ध निर्माणको सम्झौता गरी गो.भौ.नं. १३।०७६।३।३० बाट रु.४०,८०,९००.०० भुक्तानी दिएको छ । नियमावलीको मनशाय अनुसार नहुने गरी उपभोक्ता समितिलाई दरभाउपत्रको प्रतिश्पर्धामा समावेश गरी खरिद गरेको उपयुक्त देखिएको छैन । उपभोक्ता समिति वीच निर्माण व्यवसायी सरह प्रतिश्पर्धा गराई कार्य गराउने परिपाटिमा सुधार गर्नुपर्दछ ।

४०,८०,९००.००

२८ **ठेक्का व्यवस्था** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने व्यवस्था भए अनुसार कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष निर्माण कार्य र निर्माण सम्वन्धि उपकरण खरिदको रु. २७,१३,९७ हजार लागत अनुमानको २५ ठेक्का व्यवस्था गरी रु. ६,९२,४२ हजार घटि हुने गरी रु. २०,२१,५५ को ठेक्का सम्झौता गरेको देखियो । उल्लेखित ठेक्कामा लेखापरीक्षण अवधि सम्म रु. ७,२९,४९ भुक्तानी भएको छ । उक्त ठेक्का मध्ये ८ ठेक्कामा यस वर्ष मोविलाइजेशन पेश्की भुक्तानी गर्ने बाहेक कुनै प्रगति भएको देखिएन । ठेक्का सम्वन्धि विवरण देहायमा उल्लेख छ :

(रु.हजारमा)

क्र. स.	ठेक्काको विवरण	बोलपत्रदाताको नाम/ठेगाना	लागत अनुमान	स्वीकृत रकम	घटेको रकम	घटि प्रतिशत	हालसम्मको खर्च
१	Construction first Floor of Suryadaya Secondary School in	Chitra Nirman Sewa, Aathbiskot-04,	५०००	४२७०	७३०	१५	२७८४
२	Construction of Ground Floor Building Saraswati Secondary School	Nahakuli Nirman Sewa, Khalanga,	७५००	५५८५	१९१५	२६	२१९५
३	Construction of Ground Floor Building Janata Secondary School	Nahakuli Nirman Sewa, Khalanga, Jajarkot	७५००	५२३९	२२६१	३०	३३७७
४	Construction of Ground Floor & First Floor Building Janabikash Secondary School	PS/Brahapati JV Khalanga, Jajarkot	५०००	३५९५	१४०५	२८	१६३४
५	Construction of Road Goiri Sanibarkhu	Manakamana Construction & Suppliers, Dunai -1, Dolpa.	१००००	४२४५	५७५५	५८	२१५४
६	Improvement of Gharikhola Dandakhalai Road	Puja Nirman Sewa, Juphal-3, Dolpa.	१००००	४६५०	५३५०	५४	-

७	Construction of Ghetma Hampa Road	Manakamana Construction & Suppliers, Dunai -1, Dolpa.	१०००००	४०५५	५९४५	५९	-
८	Construction of Landfill	Panta Nirman Sewa, Birendranagar, Surkhet.	१०००००	२२१८	७७८२	७८	-
९	Construction of Hospital & Canteen Bulding	Koshi & Neupane-Yeti Builders JV, Kathmandu	६४३५२	६२६५९	१६९३	३	१५०४५
१०	Construction & Structure of Basera Khadi Road	Sisne Himal Construction & Suppliers, Rukum	१०००००	६५६३	३४३७	३४	२५९४
११	Procurement of Heavy Machine Made Gabion Box	Siruwa-daunne Devi JV, Lalitpur	५००१	३९९८	१००३	२०	३९९८
१२	Construction of groud floor & Compound wall of Nepal Rastriya Secondary School	B & B Builders, Khalanga, Jajarkot	१०००००	८०४०	१९६०	२०	२११४
१३	Construction of Ground floor & Compound Wall of Janakalyan Secondary School	PS Construction Sewa Pvt.Ltd., Khalanga, Jajarkot	१०००००	७१२७	२८७३	२९	१९८२
१४	Construction of Badhashala (one Story) Building	B & B Builders, Khalanga, Jajarkot	७५९३	५१४४	२४४९	३२	३०२५
१५	Construction of water Supply and Irrigation	Danfe-Caravan-Kagri J/V, Gopikrishna Nagar-7, Rukum (west)	३५९५९	२५५५०	१०४०९	२९	२१६५७
१६	Log Peeling Machine Complete Set	Nepal Power-New Samana J/V, Kathmandu	१८६४२	१२७१२	५९३०	३२	-
१७	Wood Saw Machine	Tech Depot Pvt.Ltd., Kathmandu	४९६८	४८५९	१०९	२	-
१८	Construction Building of ground floor & Compound Wall of Gaubari Basic School	P.S. Construction Sewa, Jajarkot	१०००००	७०१९	२९८१	३०	-
१९	Construction of Dakechhari Water Supply	Nahakuli Nirman Sewa, Khalanga, Jajarkot	१०६११	६९००	३७११	३५	-
२०	Supply and Delivery of Spare Parts of Stone Crusher Plant	Pradesh Nirman Sewa Pvt.Ltd. Musikot, Rukum	३५००	३५००	०	०	-
२१	Fabrication of Steel Parts and Transportation up to road heads of Aathbiskot Trail Bridge	Safe Steels Pvt.Ltd., Chitwan	३७११	३२३१	४८०	१३	३२८४
२२	गिजागाड खोला तटबन्धन	गिजागाड तटबन्धन उपभोक्ता समिति, आ.न.पा.-११, रुकुम	५०८६	४०८१	१००५	२०	४०८१
२४	ढल निर्माण तथा सडक स्तरउन्नति (क्रमागत)	गणतान्त्रिक श्रम सहकारी सस्था लि. आ.न.पा.-११, रुकुम	३७७९	३७४१	३८	१	
२५	सोलिङ, पीसीसी, आरसिसीको काम र गेट निर्माण	जनभावना श्रम सहकारी संस्था लि.आ.न.पा.-११, रुकुम	३१९५	३१७४	२१	१	३०२५
		जम्मा	**२७१,३९७**	**२०२,१५५**	**६९,२४२**		**७२,९४९**

यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् :

२८.१ **अस्पताल निर्माण** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा खरिद कार्य प्रभावित हुनेगरी अस्वाभाविक लागत अनुमान तयार गर्न नहुने व्यवस्था छ । लागत अनुमान

रु.६४३५१६८४.०० को आठबिसकोटमा हस्पिटल तथा क्यान्टिन निर्माण गर्नका लागि एक मात्र बोलपत्र पेश भए अनुसार लागत अनुमान भन्दा २.६ घटिमा कार्य गर्ने कबोल गर्ने कोशी एण्ड न्यौपाने/यति विल्डर्स जे.भि. सँग रु.६२६५९१७६.०० को निर्माण कार्य सम्झौता भएको देखियो । निर्माण कार्यमा हालसम्म मोबिलाईजेशन पेश्की रु.५५४५०००.०० र प्रथम रनिङ बिल रु.९५००००००.०० समेत जम्मा रु.१५०४५०००.०० भुक्तानी भएको छ । लागत अनुमान र बिल अफ क्वाइन्टिटिको विश्लेषण गर्दा आईटम नं. ३३ देखि ३७ सम्मको प्रति इकाई रु.५०००.०० मा गर्न सकिने पंखा, डिस्ट्रिब्यूसन बोर्ड, अर्थिङ, डिजि सेट र ट्रान्सफरमरको प्रति इकाई दर अधिक मूल्यांकन गरी रु.३,३६,२००.०० देखि रु.५,२८,०००.०० सम्म कायम गर्दा जम्मा लागत अनुमानमा रु.२२,०६,५००.०० अधिक मूल्यांकन हुन गएको देखिन्छ । निर्माण व्यवसायीले बोलपत्रमा भाग लिदा अधिक मूल्यांकनबाट बढि लागत कायम हुन गएको रकमबाट लाभ लिन उल्लेखित आईटमको कार्यमा न्यूनत्तम बजार मूल्य कायम गरी बचत हुने रकम आईटम नं. ३० को माटो हटाउने कार्यको लागत अनुमान अनुसार कायम हुने प्रति इकाई दर रु.५२३.०० भन्दा ७५ प्रतिशत बढि हुने गरी प्रति इकाई दर रु.२१००.०० कबोल गरेको छ । यसबाट एउटै आईटममा लागत अनुमान भन्दा रु.६८,०९,४८६.०० बढि हुने गरी ठेक्का सम्झौता भएको देखिन्छ । भवन निर्माण शुरु गर्नु पूर्व गर्नुपर्ने लागत अनुमान भन्दा अस्वाभाविक कबोल गरेको माटो हटाउने कार्यको लागि मात्र प्रथम रनिङ बिलबाट रु.९५,००,०००.०० भुक्तानी भएको छ । सम्झौता अनुसार रु.१३,३१,९१८.०० भुक्तानी लिएको परामर्शदाता नेक्स्ट कन्सल्टेन्ट प्रा.लि., किर्तिपुरले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमानमा न्यून मूल्यमा उपलब्ध गराउन सकिने आइटमलाई अस्वाभाविक रुपमा अधिक मूल्यांकन गरेको कारण निर्माण व्यवसायीले निर्माण कार्यको शुरुमै भुक्तनी लिन सक्ने माटो हटाउने कार्यमा अधिक दर उल्लेख गरी लागत अनुमानमा कुल ठेक्काको ३ प्रतिशतले हुने माटो हटाउने कार्यमा कुल ठेक्काको १५ प्रतिशत हुने गरी बोल कबोल गरी फ्रन्ट लोडिङ हुने अवस्था श्रृजना भएको देखिन्छ । वास्तविक मूल्य झल्कने गरी विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान तयार नगर्ने परामर्शदाता र कार्यालय दुवै जिम्मेवार हुनुपर्ने देखिन्छ । वास्तविक परिमाण र मूल्य कायम नहुने गरी प्रतिवेदन तयार गर्ने परामर्शदातालाई भुक्तानी दिएको नियमित देखिएन । परामर्शदाताको प्रतिवेदनको अध्ययन र परिमार्जन पछि मात्र बोलपत्र प्रक्रियामा जाने गरी सुधार गर्नुपर्ने देखिन्छ ।

आईटम नं.	आईटम	इकाई	परिमाण	लागत अनुमान		सम्झौता	
				दर	जम्मा	दर	जम्मा
३०	माटो हटाउने कार्य	घन मिटर	४३१६	५२३	२२५८३१४	२१००	९०६७८००
३३	पखां	वटा	१	४४२५००	४४२५००	५०००	५०००
३४	डिस्ट्रिव्यूशन बोर्ड	वटा	१	४५६०००	४५६०००	५०००	५०००
३५	वाइरिङ अर्थिङ	वटा	१	३६२२००	२६२२००	५०००	५०००
३६	डि जि सेट	वटा	१	५२८०००	५२८०००	५०००	५०००
३७	ट्रान्सफर्मर	वटा	१	४४३०००	४४३०००	५०००	५०००
	जम्मा				४३९००१४		९०९२८००

२८.२ **वधशाला निर्माण** : लागत साझेदारीमा वधशाला निर्माण गर्न नगरपालिका र पशु सेवा विज्ञ केन्द्रबीच सहमती भए अनुसार रु.९९,६२,५००.०० को वधशाला भवन निर्माण गर्न

	३२ प्रतिशत घटि रु.५१,४३,६११.०० कबोल गर्ने वि एण्ड वि विल्डर्स एण्ड सप्लायर्ससँग सम्झौता गरी लेखापरीक्षण अवधिसम्म गो.भौ.नं. ३।०७६।४।०१ बाट प्रथम रनिङ बिलका रु.३,०२४,५७५.०० भुक्तानी दिएको छ । विस्तृत डिजाइन र लागत अनुमान तयार नगरी बजेटको आधारमा टुक्रा गरी विभिन्न चरणमा काम गर्दै जाने गरी शुरु गरेको कार्यमा भुई तलाको पिलर मात्र तयार भएको निर्माण स्थलको फोटोबाट देखिन्छ । भवन निर्माण सम्पन्न भइसकेपछि जडान गर्न सकिने वधशाला सामान तथा उपकरण खरिद गरी यसै आ.व.मा रु.११,३४,४७७.०० भुक्तानी दिएको देखियो । जडान गर्ने स्थान यकिन नभई साम्रागी सोझै खरिद गरी भण्डारण गरेर राख्दा बजेट खर्च गर्ने उद्देश्यले हतारमा खरिद गरेको देखिन्छ । सम्पन्न नहुने गरी टुक्रा गरी निर्माण कार्य गराएको तथा जडान गर्ने स्थान तयार नभई उपकरण तथा सामाग्री खरिद गरेको नियमित देखिन आएको छैन । खरिद कार्य व्यवस्थित गरी निर्माण सम्पन्न गराई सञ्चालनमा ल्याउने सम्बन्धमा कार्यालयले प्राथमिकता दिनुपर्ने देखिन्छ ।  लेखापरीक्षण अवधिको प्रगतिको अवस्था	
२८.३	**खानेपानी तथा सिँचाई** : आठविसकोट नगरपालिकामा खानेपानी तथा सिँचाई संरचना निर्माण गर्न रु.३,५९,५८,५२७.८५ लागत अनुमान अनुसार बोलपत्र गरिएको निर्माण कार्यमा डाँफे काराभान काग्रि जे.भि.को रु.२,५५,५०,३५६.७४ को बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखिन्छ । पाईप जडान तथा संरचना निर्माण कार्य साथसाथै गर्नुपर्ने गरि सम्झौता भएको भएपनि रु.२,१६,५६,८७४.०० को पाईप र फिटिङ्ग खरिद गरी पहिलो रनिङ विलको भुक्तानी भएको छ । पाईप र फिटिङ्ग खरिद गरिसकेको तथा जडान नभएको अवस्थाले सामाग्रिको सुरक्षाका साथै सहि जडान हुन नसक्ने जोखिम बढेको देखिन्छ । डिजाईन अनुसार समयमा निर्माण कार्य सम्पन्न गर्ने गरी कार्य गराउनेतर्फ नगरपालिकाले ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।	
२९	**कर्णाली विभरेज** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउने व्यवस्था छ । नियमावलीको नियम २(ट) को परिभाषा अनुसार प्राइभेट लिमिटेड कम्पनि उपभोक्ता समितिको परिभाषा भित्र पर्ने देखिदैन । कार्यालयले	

कर्णाली विभरेज प्रा.लि. को रुपमा नाम परिवर्तन गरेको कोटलिङ्ग डिस्टिलरी प्रा.लि. सँग उपभोक्ता समितिको हैसियतमा सम्झौता गरी भवन निर्माणका लागि देहाय अनुसार रु.११५१५३२१.०० भुक्तानी दिएको छ । नाफामूलक उद्देश्यले स्थापना भएको प्रा.लि.सँग उपभोक्ता समितिको हैसियतमा सम्झौता गरी रकम समेत भुक्तानी दिएको नियमित देखिन आएको छैन । यस्तो अवस्थामा सुधार गर्नेतर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ । प्रा.लि. संग एम.ओ.यू. गरी सार्वजनिक निजि साझेदारीमा काम गरेको कार्यालयको प्रतिक्रिया छ

गो.भौ.नं.	विवरण	किस्ता	स्रोत	भुक्तानी(रु.)
२।०७६।१।२०	अर्गानिक उत्पादन प्रोत्साहन	पहिलो	प्रदेश अनुदान	४४१७५१८.००
३।०७६।३।२४	अर्गानिक उत्पादन प्रोत्साहन	दोस्रो	प्रदेश अनुदान	५५८२४८२.००
१२।०७५।६।२६	डिस्टिलरी अनुदान(भवन)	प्रथम	नगरपालिका अनुदान	९६६२९०.००
२९।०७५।९।११	डिस्टिलरी अनुदान(भवन)	थप	नगरपालिका अनुदान	५४९०३१.००
		जम्मा		**११५१५३२१.००**

३०

गैर्‍ह सरकारी संस्था : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको समेत योगदान हुने कार्य उपभोक्ता समिति मार्फत गराउन सक्ने व्यवस्था भएपनि गैर सरकारी संस्थालाई उपभोक्ता समितिको हैसियत प्रदान गरी कार्य गराउन सक्ने व्यवस्था रहेको देखिदैन । कार्यालयले उपभोक्ता समितिले गर्न सक्ने कार्य श्रमिक सहकारी संस्था मार्फत गराई मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिने गरेको देखियो । करमा दर्ता भएको सहकारी संस्थालाई उपभोक्ता समिति सरह कार्य गराई मूल्य अभिवृद्धि कर समेत भुक्तानी गर्दा नाफामुलक संस्था मार्फत कार्य गराएको स्पष्ट देखिन्छ । उक्त प्रक्रिया नियमावलीको प्रावधानसँग मिल्ने देखिएन । उदाहारण निम्न छ :

क्र. स.	**कामको विवरण**	**श्रम सहकारी**	**लागत अनुमान**	**स्वीकृत रकम**	**हालसम्म को खर्च**
१	ढल निर्माण तथा सडक स्तरउन्नति (क्रमागत)	गणतान्त्रिक श्रम सहकारी सस्था लि. आ.न.पा.-११, रुकुम (पश्चिम)	३७७९	३७४१	
२	सोलिङ, पीसीसी, आरसिसीको काम र गेट निर्माण	जनभावना श्रम सहकारी संस्था लि.आ.न.पा.-११, रुकुम (पश्चिम)	३१९५	३१७४	३०२५

३१

राजश्व अभिलेख : आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४, दफा १२ र १३ ले राजश्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष छपाई भई विभिन्न वडामा गएको नगदी रसिदको रसिद नियन्त्रण खाता राखेको भएपनि ती रसिदबाट उठेको आम्दानी देखिने दैनिक आम्दानी किताब तयार नगरेकोले कति रसिद खपत भयो, कति बाँकी छ तथा रसिदबाट उठेको सबै रकम दाखिला भयो भएन यकिन हुने देखिएन । साथै अघिल्लो आ.व. मा ती वडामा गएको रसिद र सो को प्रयोगको अवस्था नखुल्दा आय र दाखिलाको अवस्था पारदर्शी देखिन आएन । कार्यालयको अपरिस्कृत विवरण अनुसार १४ वटा वडाबाट उठेको रु.४९ लाख, नगरपालिकाबाट संकलित रु.६० लाख, नगर अस्पतालबाट प्राप्त रु.३० लाख, नगर प्रहरीबाट रु.२ लाख, यातयात शाखाको रु.२७ लाख, राजश्व बाडँफाडँबाट रु. ४८ लाख समेत रु.२ करोड १६ लाख आम्दानी देखाएकोमा आय संकलनको अभिलेख, खाता

	तथा किताब तयार नगरेको, रसिदको प्रयोग अनुसार दाखिलाको अवस्था यकिन नभएको जस्ता कारणले आम्दानी परीक्षण गर्न सकिएको छैन । राजश्व आम्दानीको नगदी रसिद अनुसारको दैनिक शिलसिलेवार अभिलेख, दाखिलाको गोश्वारा भौचर, वडाहरुको राजश्व अशुलिको विस्तृत विवरण लगायतका विवरण तयार गरी वास्तविक आय यकिन तथा दाखिला हुनेगरी राजश्व लेखाङ्कन सुदृढ गर्नुपर्ने देखिन्छ ।	२,१५,८९,६३०.००
३२	**परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिवाट काम हुन नसक्ने भएमा परामर्शवाट सेवा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसार कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न परामर्शदाता नियूक्त गरी रु.**१,२९,९६,३१२.००** भुक्तानी दिएको देखियो । तत्कालै उपयोग नगर्ने क्षेत्रमा परामर्शदाता नियुक्त गरी प्रतिवेदन तयार गराई भुक्तानी गर्दा खर्च प्रणाली मितव्ययी देखिएन । यस्तो अवस्थामा सुधार गरी प्रयोग हुने र उपयोगी क्षेत्रमा मात्र परामर्शदाता नियुक्ति गरी योजना निर्माण तथा खर्च प्रणाली व्यवस्थित गर्नु पर्ने देखिन्छ ।	

क्र.सं.	गो.भौ.नं.	कामको विवरण	परामर्शदाता	खर्च रकम
१.	६।७५।९।१०	ग्लोबल इन्जिनियरिङ एसोसिएटस् प्रा.लि.	गिजागाड खोला, रिजागाड सहित ५ योजनाको वातावरणीया परिक्षण	३६७२५०.००
२.	१५।०७५।७१	बी आर एस इन्जिनियरिङ सोलुशन प्रा.लि.	नगरपालिका अर्न्तगतको सडक(फेज १) को विस्तृत परियोजना	१८००००००.००
३.	६।०७५।०।१०	ग्लोबल इन्जिनियरिङ एसोसिएटस् प्रा.लि	विस्तृत परियोजना प्रतिवेदनको लागि प्रारिम्भक वातावरीय परीक्षण	४९४७१४.००
४.	३५।०७५।९।१३	मल्टि इन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि.	(बालुवा, गिट्टी, ढुङ्गा) सडक सर्भे	२००५७५०.००
५.	५०।०७५।१०।१	बि.आर.एस.इन्जिनियरिङ सोलुशन प्रा.लि.	डि.पि.आर. ट्रेकिङ्ग स्टेडियम, बसपार्क	४४९९९९.००
६.	५१।०७५।१०।१	एभरेष्ट डिजाएर्ड बि.आर.एस. जे.भि.	डि.पि.आर. ट्रेकिङ्ग स्टेडियम, बसपार्क	१७६९०००.००
७.	६९।०७५।११।३०	नेक्स्ट कन्सल्ट प्रा.लि.	नगर अस्पताल र तालिम केन्द्रको डि.पी.आर	१३३१९८६.००
८.	१०५।०७५।१२।१९	इस्ट वेस्ट कन्सल्टेन्सी सर्भिस	स्टोन क्रसर मेशिनको स्पेयर पार्ट टेण्डर डकुमेन्ट	२२५०००.००
९.	११०।०७५।१२।२१	बि.आर.एस.इन्जिनियरिङ सोलुशन प्रा.लि.	जंघार खोला हाइड्रोपावर डि पि आर	१९९९९८७.००
१०	१९४।७६।२।३	साई कुमारी इन्जिनियरिङ कन्सल्टेन्सी	पन्ध्र निर्माण कार्यको बिड डकुमेन्ट	४५००००.००
११.	२६४।७६।३।६	प्याराडिज्म इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	वाईन फरमेन्टेसन र स्टोरेज ट्याङ्क, लग पीलिङ्ग मेशिन, उड स मेशिन खरिदको बोलपत्र फारम तयारी	२५४२५०.००

१२	२७२।०७६।३।९	मिदास एडिकुशन प्रा.लि.	शैक्षिक परामर्श सेवा	३९०४००.००
१३	२८७।०७६।३।१४	साई कुमारी इन्जिनियरिङ कन्सल्टेन्सी	ट्रेल ब्रिज र स्कूल बिड डकुमेन्ट	३००००००.००
१४	२२६।०७६।३।१७	हिमालयन बहुसेवा प्रा.लि.	स्थानिय स्तरिय जैवकि विविधता संरक्षण कार्य योजना	४८७२००.००
१५	३५०।०७६।२।१७	डि पी फाउनडेसन प्रा.लि.	सामुदायिक वन व्यवस्थापन कार्य योजना तयारी	४९११०६.००
१६	९।०७६।३।६	राईजिङ इन्जिनियरिङ कन्सल्टेन्सी	सर्भे	१७९६७०.००
		जम्मा		**१२९९६३१२.००**

समुदायीक विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धी तथा प्रविधि मैत्री शैक्षिक कृयाकलाप सञ्चालनका लागि विस्तृत योजना तयार तथा कार्यान्वयन सम्वन्धमा नगरपालिकार मिदाश एजुकेशन प्रा.लि. बीच सम्झौता भएको देखियो । सम्झौता अनुसार अभिभावक शिक्षा, विद्यालय सरसफाई, शिक्षक क्षमता अभिबृद्धि तालिम सञ्चालन गरेको विजक संलग्न गरी गो.भौ.नं. १७२।०७५।१२।८ बाट रु.१५,९३,६००.०० भुक्तानी गरेको छ । नगरपालिकाले विद्यालयमा करारमा शिक्षक कर्मचारी समेत भर्ना गरी कार्य गराइरहेको अवस्थामा दोहोरो हुने गरी परामर्शदाता नियुक्ति गरी भुक्तानी गरेको मितव्ययी देखिएको छैन । यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

३३ **जग्गा खरिद** : संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।२।१३ को परिपत्र अनुसार परियोजनको लागि आवश्यक जग्गा निःशुल्क रुपमा प्राप्तिको अभ्यास भएको र सो बमोजि जग्गा उपलब्ध हुन नसकेको व्यहोरा खुल्ने कागजात संलग्न गरी मात्र स्थानिय निकायले निर्णयबाट जग्गा खरिद गर्नसक्ने व्यवस्था गरेको छ । कार्यालयले देहाय अनुसार रु.४३,८१,५००.०० को जग्गा खरिद गर्नु अघि सो अनुसारको प्रयास गरेको प्रमाण संलग्न गरेको देखिएन । निशुल्क रुपमा जग्गा प्राप्तीको प्रयास गरिसकेपछि उपलब्ध हुन नसकेमा मात्र प्राप्ती तथा खरिदको प्रक्रियामा जानुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

गो.भौ.नं.	**विवरण**	**भुक्तानी (रु)**
११४।०७५।१२।२१	नगरपालिकाको वधशाला निर्माणका लागि(बलवीर कामीको १२५० व.मि. जग्गा)	१११७५००.००
११७।०७५।१२।२१	जनज्योति आधारभूत विद्यालय	४७५०००.००
२१९।०७६।२।१६	ल्याण्डफिल्ड साईटको लागि जग्गा खरिद	१७४४०००.००
२६१।०७६।३।६	ज्ञानोदय मा.वि. का लागि	१०४५०००.००
	जम्मा	**४३८१५००.००**

३४ **शैक्षिक ऋण** : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा प्रचलित कानुन बमोजिम प्राप्त भएको अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अनुदान शिर्षकमा प्राप्त गरेको निकाशाबाट खर्च हुनेगरी दुई विद्यार्थिलाई पाइलट अध्ययन गर्न ऋण उपलब्ध गराएको आठविसकोट वचत तथा ऋण सहकारी संस्थालाई तीन पटक गरी रु.९०,००,०००.००

भुक्तानी दिएको छ । नगरपालिकाले सहकारी संस्थालाई ऋण बराबरको रकम भुक्तानी गर्ने र सोही रकम सहकारी संस्थाले विद्यार्थीलाई ऋण दिएको देखिन्छ । अतिरिक्त लगानी गर्नुनपर्ने गरी सहकारी संस्थालाई माध्यम बनाई सोझै विद्यार्थीलाई ऋण दिदाँ विद्यार्थी छनौट, धितो र ऋण फिर्ताको पर्याप्त आधार खुलाएको छैन । सहकारी संस्थालाई माध्यम बनाई धितो व्यवस्थापन नगरी ऐनको व्यवस्था अनुकुल नहुने गरी ऋण प्रवाह गरेको देखिन्छ । फरक प्रकृया प्रयोग गरी नगरपालिकाले व्यक्तिगत ऋण प्रवाह गरेको उपयुक्त देखिएन । यस सम्बन्धमा नगरपालिकाले पुर्नविचार गर्नुपर्ने देखिन आएको छ ।

गो.भौ.नं.	भुक्तानी लिने	ऋण प्रवाह भएको व्यक्ति	भुक्तानी(रु.)
१३।०७५।६।२६	आठबिसकोट बचत तथा ऋण सहकारी संस्था लि.	गोविन्द के.सी. ललित भण्डारी	३०००००.००
९३।०७५।१२।१०			३०००००.००
२२६।०७६।२।१९			३०००००.००
जम्मा			**९०००००.००**

३५ **हाईड्रोपावर अनुदान** : कार्यालयले समानिकरण र समपुरक अनुदान बाट रु.५,००,००,०००.०० अधिकृत पूँजी रहेको स्यार्पू पावर कम्पनि लि. मा संस्थापक शेयरधनिको रुपमा १२ प्रतिशतले हुने रु. ६०,००,०००।०० को शेयर लिने गरी सम्झौता गरी गो.भौ.नं. २६२।०७६।१।६ बाट रु. १०,००,०००.०० भुक्तानी दिएको देखियो । जिल्लाका ६ स्थानीय तह र जिल्ला समन्वय समिति सहित ७ निकायले अधिकृत पूँजीको ५५ प्रतिशतले हुने रु. २,७५,००,०००।०० लगानी गर्ने र अन्य शेयर सर्वसाधारणबाट उठाउने गरी दर्ता भएको हाईड्रोपावर कम्पनिमा अनुदान दिएको रकमबाट भएको प्रगतीको सम्बन्धमा अनुगमन गरेको देखिएन । आन्तरिक श्रोतबाट लगानी गर्न सक्ने गरी क्षमता सुदृढिकरण गरेर मात्र दीर्घकालिन योजनामा लगानी गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ ।

३६ **खर्च समर्थन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा सभाबाट बजेट पारित गराई खर्च व्यवस्था छ । देहाय अनुसारका कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की फछ्र्यौट गर्दा स्वीकृत बजेट भन्दा रु.२४७५३७.०० बढि खर्च देखिएको छ । बढि खर्च देखिएको रकम सभाबाट समर्थन गर्नुपर्दछ ।

गो.भौ.नं.	कार्यक्रम	विवरण	स्रोत सर्मथन गर्नुपर्ने	सम्बन्धित व्यक्ति
६।०७५।१२।१०	अनुशिक्षण तालिम	पेश्की फछ्र्यौट	४९०००.००	दिपा बुढा
८।०७६।१।२४	महिला हिंसा	अनुगमन खर्च	१२७७३२.००	–
१२।०७६।२।३	अनुशिक्षण तालिम	पेश्की फछ्र्यौट	३१०००.००	दिपा बुढा
१३।०७६।२।२	महिला हिंसा	बजेट नभएको	१००००.००	–
१४।०७६।३।३०	लैगिंक हिंसा	लैगिंक हिंसा	११८०५.००	दिपा बुढा
१६।०७६।३।३०	महिला हिंसा	अनुशिक्षण	१८०००.००	–
		जम्मा	**२,४७,५३७.००**	

३७ महालेखापरीक्षकको छपन्नौ वार्षिक प्रतिवेदन, २०७५ मा मौज्दात बाँकी रु. १,०४,१४ हजार देखिएकोमा नगरपालिकाले लेखापरीक्षणको समयमा पेश गरेको वित्तिय विवरणले मौज्दात बाँकी रु. १,६६,९२ हजार देखाएको छ । बढी मौज्दात देखिएको रु. ६२ लाख ७८ हजारका सम्वन्धमा समायोजन हिसाव तयार गरी यकिन गर्नुपर्ने देखिन्छ ।

३८

पेश्की फछ्र्यौट : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालको आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट हुन बाँकी पेश्कि निम्न अनुसार छ। नियमावलीको प्रक्रिया पुरा गरी पेश्कि फछ्र्यौट गर्नु पर्दछ। — ५४,५१,३०७.००

गो.भौ.नं.	विवरण	पेश्की लिनेको नाम	पेश्की(रु)
१९/०७६/१/१२	नगरपालिका भवन निर्माण	ई. पवन कुमार यादव	६००००.००
२६/०७६/२/१४	गिजागाड खोल तटबन्ध	जोखे बुढा	२९२०००.००
४२/०७५/९/१८	मेसिनरी सामान खरिद	प्रशासन सहायक राम बहादुर मल्ल	१००००००.००
४९/०७५/१०/७	टिम्बर भवन निर्माण	टिम्बर भवन निर्माण उपभोक्ता समिति	१४००००००.००
७३/०७५/११/३	ढल व्यवस्थापन	गणतान्त्रीक श्रम सहकारी लिमिटेड	११००००००.००
१२५/०७६/१२/२७	वधशाला निर्माणका लागी वातावरणीय परीक्षण	ग्लोवल इन्जीनियरिङ्ग एसोसिएट्स	१०४०००.००
१८२/०७६/१/३१	म्यूजिक भिडियो निर्माण	गोविन्द बुढाथोकी	६७०००.००
६७/०७५/११/३०	कृषि फार्मिङ्गको डि.पि.आर.	कन्जिरोवा एग्रो भिलेज	६३०५.००
२२२/०७६/२/१७	साइकुमारी मन्दिर निर्माण	साइकुमारी मन्दिर निर्माण उपभोक्ता समिति	८५००००.००
२८४/०७६/२/३	मर्मत इन्धन	ड्राइभर जैखर विक	२००२.००
३८३/०७६/३/२५	गाडी मर्मत	प्रदिप चदारा	३००००.००
२/०७६/१/१९	सडक बोर्ड नेपाल	राडीघारी खोला सडक मर्मत उपभोक्ता समिति	९००००००.००
जम्मा			**५४,५१,३०७.००**

मिदास एजुकेशन प्राइभेट लिमिटेडले २०७५।६।१८ मा अस्पतालमा सफ्टवेयर जडान गर्न लिएको पेश्की रु.२,४७,०००.०० बाट ११ महिनासम्म पनि कार्य शुरु नगरेकोले उक्त रकम अशुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्दछ। — २,४७,०००.००

आठविसकोट नगरपालिकाको सञ्चित कोष विवरण

२०७५।७६

अनुसूची- १ (रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	आठविसकोट नगरपालिका	रुकुम(पश्चिम)	१६६९२	११४५००	४४६४६६	२३९०१	५८४८६७	३०७३३६	२७१२६०	२५८२३	६०४४१९	(२८६०)

नोट : महालेखापरीक्षकको छपन्नौ वार्षिक प्रतिवेदन, २०७५ मा मौज्दात बाँकी रु. १,०४,१४ हजार देखिएकोमा नगरपालिकाले लेखापरीक्षणको समयमा पेश गरेको वित्तिय विवरणले मौज्दात बाँकी रु. १,६६,९२ हजार देखाएको छ। बढी मौज्दात देखिएको रु. ६२ लाख ७८ हजारका सम्वन्धमा समायोजन हिसाव तयार गरी यकिन गर्नुपर्ने देखिन्छ।

आठविसकोट नगरपालिकाको बेरुजू वर्गीकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबारसमेत)

२०७५।७६

अनुसूची- २ (रु. हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा स)ख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	रुकुम(पश्चिम)	आठविसकोट नगरपालिका	३८	४	४५२७६	०	०	०	३८	४	४५२७६	२४७	४०८१	३५४९७	०	०	३९५७८	७९९	४६५२	५४५१

आठविसकोट नगरपालिकाकोअद्यावधिक बेरुजु स्थीति

अनुसूची- ३ (रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाकी वेरुजू
१	आठविसकोट नगरपालिका	रुकुम(पश्चिम)	१४२२७४	८०२२०	६२०५४	०	४५२७६	१०७३३०